# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs** **Date: 29.05.2025**

---

***प्रस्तुत छ प्रमुख समाचार :-***

- ***प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम तथा संपूर्ण पूर्वोत्तर, भारतको प्रगतिमा एउटा उज्जवल अध्यायको रूपमा उद्यीमान भई रहेको भन्नुभएको छ। उहाँले भर्चुअल माध्यमले कैयन परियोजनाहरूको त्यहाँ उद्धाटन गर्नुभयो।***
- ***प्रधानमन्त्रीले पश्चिम बंगानको अनीपुरद्वार जिल्लाको अलीपुरद्वार परेड ग्राइन्डमा शहर आधारित गैस वितरण परियोजनाको आधारशिला राख्नुभयो।***
- ***प्रधानमन्त्री मोदीले आज पटनामा जयप्रकाश नारायण अन्तर्रष्ट्रीय हवाई अड्गको नयाँ टर्मिनल भवनको उद्गाटन पनि गर्नुभयो।***
- ***विदेश मन्त्रालयले पाकिस्तानका साथ कराकानीबारे भारतको अड़ान स्वष्ट छ अनि कुनैपनि कुराकानी दिपक्षीय हुनुपर्ने भन्नुभएकोछ।***
- ***राष्ट्रपति द्रौपदी मुर्मुले आज नयां दिल्लीमा राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा साहित्य सम्मेलनको उद्घाटन गर्नुभयो।***
- ***IPL क्रिकेटमा प्ले अफ मैचको पहिलो क्वालिफायर मा पंजाब किंग्सको सामना रोयल चेलेन्जर्स बेन्गलोड़ सित भई रहेकोछ।***

---

***PM State Visit***

प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम तथआ समपूर्ण पूर्वोत्तर भारतको प्रगतिमा एउटा चमकिलो अध्यायको रूपमा उद्यीमान भईरहेको भन्नुभएकोछ। सिक्किम @50 कार्यक्रमलाई आज भर्चुअल रूपमा सम्बोधित गर्दै प्रधानमन्त्रीले भन्नुभयो, केन्द्रले सिक्किम र उसको प्रगतिलाई संपूर्ण समर्थन दिइरहेकोछ। सिक्किम वैश्विक पर्यटन गंतव्य हुनेछ, उहाँले भन्नुभयो। श्री मोदीले भन्नुभयो, सेवोक- रम्फू रेलवे लाईनले सिक्किमलाई देशको रेल नेटवर्कसित जोड़नेछ, अनि विगत दस वर्षमा राज्यमा लगभग 400 किलोमीटर नयाँ राष्ट्रीय राजमार्गको निर्माण भएकोछ। उहाँले थप भन्नुभयो, ग्रामीण क्षेत्रहरूमा, एक सय भन्दा बढ़ि किलोमीटर सड़कहरूको निर्माण भएको र अटल सेतूका साथ सिक्किम र दार्जिलिङ बीचको सम्पर्कमा पनि तिक्कै सुधार भएकोछ।

विगत 50 वर्षमा, सिक्किम, प्रकृति र प्रगतिको माडल बनेकोछ, श्री मोदीले भन्नुभयो।

संपूर्ण जैविक राज्य सिक्किमले अब जैविक माछापालनमा पनि जौढ़ दिइरहेकोछ, उहाँले भन्नुभयो। आगामी 25 वर्षहरूमा सिक्किमलाई विश्वको हरित माडल राज्य बनाउने उद्देश्य हुनुपर्छ, प्रधानमन्त्रीले भन्नुभएकोछ।

उहाँले थप भन्नुभयो, भारत एक वैश्विक खेल महाशक्तिको रूपमा उद्यीमान हुनेछ अनि सिक्किम र पूर्वोत्तरका युवाहरूले यो सपना पूरा गर्नमा महत्वपूर्ण भूमिका खेल्नेछन् । श्री मोदीले जोढ़ दिँदै भन्नुभयो, सिक्किमका बढ़ि स्थानीय उत्पादहरूलाई अन्य देशहरूमा निर्यात गरिनेछ अनि यस दिशामा केन्द्रले सबै समर्धम दिनेछ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किममा भर्चुअल माध्यमले बहु विकास परियोजनाहरूको आधारशिला राख्नुभयो अनि उद्घाटन गर्नुभयो । यसमध्ये नाम्ची जिल्लामा 750 करोड़ रूपियाँ भन्दगा बढिको 500 ओछयान युक्त जिल्ला अस्पताल र सांगाचोलिङमा यात्री रोपवे शामेलछन् ।

पहिले श्री मोदीले आफुनै गान्तोक आउने कार्यक्रम थियो तर नराम्रो मौसमले गर्दा उहाँलाई बागडोगराबाट नै भर्चुअल माध्यमले भेलालाई सम्बोधित गर्नपरयो ।

---

***बाल विवाह मुक्त अभियान***

बालिकाहरूको संपूर्ण विकास र सशक्तिकर मार्फत विकसित भारत को लक्ष्य प्राप्त गर्न सरकारले कैयन प्रयासहरू गरि रहेकोछ ।

देशमा मुख्य चुनौतिहरू मध्ये एक, बाल विवाह नामक प्रथा, यो मिशनलाई हासिल गर्नमा ठूलो बाधा बनिनु पुगेकोछ । यस समस्याको प्रभावी सामना गर्न, महिला तथा बाल विकास मन्त्री अन्नपूर्ण देवी 27 नोभेम्वर 2024 मा बाल विवाग मुक्त भारत अभियानको थालनी गर्नु भएको थियो । यो मामिलाबारे जागरूकता ल्याउन अनि संपूर्ण सरकार र संपूर्ण समाज द्वारा देशभरिमा बाल विवाह रोक्न भनि यो अभियान शुरू गरिएको हो ।

---

***अमरनाथ यात्रा सुरक्षा***

केन्द्र सरकारले तीन जुलाई देखि थालिने वार्षिक अमरनाछ यात्राको मध्ये नजर यात्रा मार्गहरू र छेऊँछाउँका क्षेत्रहरूका सुरक्षाका लागि अर्थसैनिक बलहरूको तैनाथी गर्नेभएकोछ । यात्रालाई सुचारू र सुरक्षित बनाउन भनि, जम्मू कश्मीरमा अर्थसैनिक बलहरूका जम्मा 581 कंपनीहरू तैनाथ गरिनेछन् ।

---

***सि आई आई- वैष्णव***

सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले भन्नुभएकोछ, आगामी केही वर्षहरूमा भारतका प्रति दृष्टिकोण र दुनियामा भारतको भूमिकामा धेरै परिवर्तन आउनेछ । आज नयाँ दिल्लीमा सि आई आई शिखर सम्मेलनको विशेष पूर्ण सत्रलाई संबोधित गर्दै श्री वैष्णवले आरत, इलेक्ट्रोनिक्स विनिर्माण क्षेत्रमा ठूलो प्रगति गर्न तयार रहेको भन्नुभयो । गत 10 वर्षमा, दूर्तसंचार, रक्षा र चिकित्सा इलेक्ट्रोनिक्स विनिर्माण क्षेत्रमा कैयन गुवा वृद्धि भएको, उहाँले भन्नुभयो ।

---

***पश्चिम बंगाल पि एम अलीपुरद्वार***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको अलीपुरदवार परेड ग्राउण्डमा शहर आधारित गैस वितरण परियोजनाको आधारशिला राख्नुभयो । एक हजार सत्रह करोढ़ रूपियाँको यो परियोजना, अत्नीपुरद्वार र कूचबिहार जिल्लाका जनताका लागि लाभकारी हुनेछ ।

---

***प्रधानमन्त्री बिहार***

प्रधानमन्त्री नरेन्द्र मोदीले आज पटनामा जयप्रकाश नारायण अन्तर्राष्ट्रीय हवाई अड्डाको नयाँ टर्मिनल भवनको उद्घाटन गर्नुभयो।

उहाँले बिह्टा हवाई अड्डाको नयाँ सिविल एनक्लेव को शिलान्यास पनि गर्नुभयो। यस परियोजनामा एक हजार चार सय दस करोढ़ रूपियाँ भन्दा बढ़िको लागत आउनेछ। उद्घाटन समारोहमा राज्यपाल आरिफ मोहम्मद खान, मुख्यमन्त्री नीतिश कुमार नागरिक विमानन मन्त्री के राम मोहन नायडू पनि उपस्थित हुनुहुन्थ्यो।

---

***VKSA ICAR***

ICAR र कृषि विज्ञान केन्द्र, रानीपूलको तत्वावधान अन्तर्गत आज पाकिम जिल्लामा विकसित कृषि संकल्प अभियानको औपचारिक थालनी भएकोछ।

कृषि, वागवानी, पशुपालन, मत्स्य पालन विभाग, ICAR- सिक्किम केन्द्र,  NRC ओरकिड अनि CAU- CAEPHT को यसमा सहभागिता रहेकोछ।

---

***विदेश मन्त्रालय***

विदेश मन्त्रालयले भनेकोछ, पाकिस्तानका साथ कुराकानीबारे भारतको अड़ान स्पष्ट छ अनि कुनैपनि कुराकानी, दिपक्षीय हुनपर्दछ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले आज नयाँ दिल्लीमा मीडियालाई भन्नुभयो, आतंकवाद र कुराकानी एक साथ हुन सक्दैन उहाँले भन्नुभयो, पाकिस्तानली ती आतंकीहरूलाई भारतलाई सुम्पिनुपर्छ जसको रेकार्ड केहि वर्ष पहिले पाकिस्तानलाई उपलब्ध गराइएको थियो। सिन्धु जल संधिबारे प्रवक्ताले भन्नुभयो, पाकिस्तानले सीमा पारीको आतंकवादलाई समर्थन दिन विशव्सनीय र अपरिवर्तन रूपमा बन्द न गराउन्जेल, यो संधि एकसित रहनेछ।

---

***IPL***

IPL क्रिकेटमा प्ले अफ मैचको पहिलो क्वालिफायर मा पंजाब किंग्सको सामना Royal Challengers Banglore सित भई रहेकोछ।

Eliminator Round मा, भोलि Mumbai Indians को Gujarat Titans सित भीड़न्त हुनेछ।

प्रतियोगिताको फाइनल, तीन जूनमा अहमदाबादमा हुनेछ।

---

***Prez Sahitya***

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयां दिल्लीमा राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा साहित्य सम्मेलनको उद्डाटन गर्नुभयो।

दुई दिवसीय कार्यक्रममा कवि सम्मेलन भारतको नारीवादी साहित्य र वैश्विक परिप्रेक्ष्यमा भारतीय साहित्यका नयाँ दिशाहरू जस्ता विभिन्न सत्रहरू आयोजित गरिनेछन्।

---

- ***प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किम तथा संपूर्ण पूर्वोत्तर, भारतको प्रगतिमा एउटा उज्जवल अध्यायको रूपमा उद्यीमान भई रहेको भन्नुभएको छ। उहाँले भर्चुअल माध्यमले कैयन परियोजनाहरूको त्यहाँ उद्घाटन गर्नुभयो।***

- *प्रधानमन्त्रीले पश्चिम बंगानको अनीपुरद्वार जिल्लाको अलीपुरद्वार परेड ग्राइन्डमा शहर आधारित गैस वितरण परियोजनाको आधारशिला राख्नुभयो।*
- *प्रधानमन्त्री मोदीले आज पटनामा जयप्रकाश नारायण अन्तर्रष्ट्रीय हवाई अड्गको नयाँ टर्मिनल भवनको उद्गाटन पनि गर्नुभयो।*
- *विदेश मन्त्रालयले पाकिस्तानका साथ कराकानीबारे भारतको अड़ान स्वष्ट छ अनि कुनैपनि कुराकानी दिपक्षीय हुनुपर्ने भन्नुभएकोछ।*
- *राष्ट्रपति द्रौपदी मुर्मुले आज नयां दिल्लीमा राष्ट्रपति भवन सांस्कृतिक केन्द्रमा साहित्य सम्मेलनको उद्घाटन गर्नुभयो।*
- *IPL क्रिकेटमा प्ले अफ मैचको पहिलो क्वालिफायर मा पंजाब किंग्सको सामना रोयल चेलेन्जर्स बेन्गलोड़ सित भई रहेकोछ।*